पञ्ञा नरानं रतन

परियत्ति बुलेटीन PARIYATTI BULLETIN

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

अंक-१६ बुद्ध जन्म संवत् २६३९/बु.सं. २५५९/बि.सं. २०७३ वैशाख २५ गते ने.सं. ११३६ ई.सं. २०१६

## प्रायोगिक शिक्षाको रूपमा परियत्ति

✍ त्रिरत्न मानन्धर "परियत्ति सद्धम्म कोविद"



जीवनको प्रत्येक घडीमा तथा जीवनको विभिन्न पक्षमा धर्मलाई प्रयोग गर्नु लाई प्रायोगिक वा प्रयोगात्मक शिक्षा भनिन्छ । अर्को शव्दमा भन्नुपर्दा दैनिक जीवनमा प्रयोगमा ल्याई, जीवनको विभिन्न पक्षमा प्रयोग गर्दै आफुलाई र अरुलाई पनि लाभान्वित गर्ने शिक्षा प्रायोगिक शिक्षा हो । आजकल बुद्धको शिक्षा प्रायोगिक बुद्धधर्म (Applied Buddhism) को रुपमा उच्चशिक्षामा अध्यापनको विषय बनिरहेको छ। बुद्ध धर्मलाइ दैनिक जीवनका विभिन्न पक्षहरु जस्तै आर्थिक, सामाजिक, राजनैतिक आदिमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित भई अध्ययन गर्ने विषयको रुपमा बुद्ध शिक्षालाई प्रयोग गरिरहेको छ।

शिक्षालाई श्रद्धापपूर्वक ग्रहण गरी त्यसलाई जुनसुकै अवस्थामा लागु गर्ने दृढता भएमा मात्र बुद्ध शिक्षालाई प्रायोगिक शिक्षाको रुपमा स्थापित गर्न सकिन्छ । सिद्धान्तहरु घोक्ने र त्यसको बारेमा विज्ञ भई बौद्धिक विषयको रुपमा मात्र लिँदा यसबाट प्राप्तहुनु पर्ने लाभबाट बन्चित हुनु पर्ने हुन्छ । जिज्ञासा मेटाउने विषयको रुपमा, त्यस विषयको जानकारको रुपमा मात्र उभ्याउन मनसायले, डिग्री बढाउने, पद र प्रतिष्ठा आर्जन गर्ने उद्देश्य लिएमा त्यसबाट प्राप्त हुनुपर्ने बास्तविक लाभबाट बन्चित हुने र बुद्ध शिक्षा प्रायोगिक नभई मात्र बौद्धिक विषयको रुपमा संकुचन हुन पुग्छन् । धर्मको मूल मर्म केहो भन्ने कुराको अनभिज्ञताले भौतिक लाभ र हानि लाई नै सर्वोपरी ठानेर धर्मलाई पनि भौतिक लाभको विषयको रुपमा प्रयोगमा ल्याउँदा यसबाट प्राप्त हुने अमुल्य फलबाट बन्चित हुन पुग्छन र बोकामात्र हात पर्ने हुन्छ ।अमूल्य मानव जीवन प्राप्त गरेका मानिसहरुले यसको अमूल्यता नबुझि जीवनलाई महत्वहीन बनाई रहेका हुन्छन् । यस जीवनमा प्राप्त गर्न सकिने अधिकतम उपयोग गरेर प्राप्त गर्न सकिने अनमोल रत्नको सत्ता छोटो समयको लागि सन्तुष्टि दिने भौतिक लाभमा फसी रहेका हुन्छन र महान उद्देश्य बाट बन्चित हुन पुगिरहेका हुन्छन् ।

हुनत बुद्धको शिक्षा स्वयं प्रायोगिक शिक्षा हो । प्रत्यक्ष अनुभवबाट सत्य साक्षात्कार गर्नु बुद्ध शिक्षाको मूल ध्येय हो । तर शिक्षाको गहनताको बारेमा अनभिज्ञताको कारणले र प्रमादको कारणले धर्मको बारेमा जानकारहरु त्यसलाई प्रयोग गर्नमा चुकिरहका हुन्छन् । धर्मको बारेमा जानकारी भएता पनि जीवनमा उतार्नु वा दैनिक रुपमा यसलाई अभिन्न अंगको रुपमा विकास गर्नु सजिलो कुरा होईन । धर्मप्रति श्रद्धा जगाउने, धर्मका महत्वपूर्ण विषयलाई प्रारम्भिक तहदेखी नै महत्वदिई अध्ययन र अध्यापन गराउने परियत्ति लाई प्रायोगिक शिक्षाको रुपमा विकास गर्ने प्रशस्त सम्भावना हरु विद्यमान छन् ।

बुद्धको शिक्षाको मूल ध्येय आध्यात्मिक उन्नति हो । मानसिक विकारले विकृत मानव समुदायको ह्रदय स्वच्छ तथा निर्मल पारेर उनीहरुको व्यक्तिगत जीवनलाई उकास्ने र समाजका विभिन्न पक्षहरुमा यसको प्रयोग गरेर विभिन्न किसिमका सामाजिक समस्याहरुको समाधान गर्न सक्ने हैसियत यस शिक्षाले राख्दछ । बुद्धको शिक्षालाई दैनिक जीवनमा प्रयोग ल्याउनु जीवनका विभिन्न पक्षहरुमा बुद्धका सन्देशहरुलाई प्रयोग गर्नु आज नितान्त आवश्यक भैरहेको छ । दैनिक जीवनमा विभिन्न कारणले हुने असन्तोष, निराश लाई एकातिर पन्छाएर कर्मठ तथा सहि जीवन जिउन पल पल धर्मको आत्मसात भैरहनु पर्दछ ।

बुद्धको शिक्षामा आध्यात्मिक उन्नतिका प्रशस्त

बाँकी पृष्ठ २ मा

## परियत्ति प्रतिज्ञा

**नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरु सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।**

निर्देशक
**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ
अग्गमहापण्डित, शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
सह-शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा
मो. ९८४१२९७१८५

सम्पादन मण्डल
**भिक्षु बोधिज्ञान**
केन्द्रिय परीक्षा नियन्त्रक, मो. ९८५११६७५२५
**भिक्षु जनक**, मो. ९८४१६०९९२४
**त्रिरत्न मानन्धर**, मो. ९८४१३७९७६०

कार्यालय सहयोगी
**मीरा महर्जन**, मो. ९८४९१२४९५०
**बाबुरत्न नापित**, मो. ९८४१७९७१४८

कम्प्युटर सेटिङ्ग
**विनोद महर्जन**

प्रकाशन
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**दीक्षान्त समारोह समिति**

मुद्रण:
**आइडियल प्रिन्टिङ्ग प्रेस**
फोन: ५००७५६३, २१२०२३५

**यस परियत्ति बुलेटिन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

सम्पर्क सचिवालय
**विश्व शान्ति विहार**
मीनभवन, काठमाडौं
मोबाईल नं : ९८४१३७७५२९
P.O. Box: 8973 NPC 327
E-mail: pariyatti2556@gmail.com
Web: www.nepalpariyatti.com
https://sites.google.com/site/pariyattinepal
www.facebook.com /nepalbauddhapariyattishiksha

## प्रायोगिक शिक्षा...

मार्गहरुको साथै भौतिक उन्नतिका विभिन्न विषयहरु विद्यमान रहेको छ । बुद्धले आफ्नो जीवमानकालमा आफ्नो समिपमा आएका राजाहरुलाई दिनु भएको, सेठहरुलाई दिनु भएको, आध्यात्मिक धर्मगुरुहरुलाई, व्यापारीहरुलाई, कृषकहरु लाई, तथा सर्वसाधारण व्यक्तिहरुलाई दिनु भएको उपदेशमा समाजका विविध पक्षहरु जस्तै राजनीतिको बारेमा, अर्थ व्यवस्था उकास्ने विषयमा, व्यापारको बारेमा, व्यवस्थापनको बारेमा, व्दन्द व्यवस्थापनको बारेमा, गृहस्थहरुको काम कर्तव्यका बारेमा तथा अन्य विभिन्न विधाहरुमा दिनु भएको उपदेशहरु प्रशस्त छन् । यस बारेमा विभिन्न अध्ययन र अनुसन्धानहरु आवश्यक छन् । ती महत्वपूर्ण विषयहरुलाई उजागर गरी जनमानसमा पुरयाउनु आजको महत्वपूर्ण कार्य हुन गईरहेको छ । परियत्ति शिक्षाले यस तर्फ पनि विचार पुरयाउने समय आईसकेको छ । भौतिक उन्नतिका यी विभिन्न विषयहरुलाई पनि समेटेर बुद्धको विचारहरु जनमानसमा प्रवाह गर्न सकेमा बुद्धको शिक्षा मात्र आध्यात्मिक विषय हो भनेर सीमित वर्गको मात्र विषयबस्तु ठानी रहेका वर्गलाई जिज्ञासा बढाउन मद्धत गर्दछ भने धार्मिक शिक्षाको अभावमा ती विभिन्न क्षेत्रमा देखा परेका विसंगतिहरुलाई हटाउन पनि मद्धत गर्दछ ।

आध्यात्मिक उन्नतिलाई केन्द्रविन्दुमा राखी समाजका विभिन्न पक्षका विसंगतिहरु हटाउन बुद्धले दिनु भएका शिक्षाहरुलाई अगाडी सारेर समाजलाई सुव्यवस्थित गर्ने महत्वपूर्ण कार्य बुद्धशिक्षाको विकासमा लागिपरेका शिक्षकहरु, धार्मिक गुरुहरु तथा बौद्ध संस्थाहरुको काँधमा आईरहेको छ । विशेष रुपमा श्रद्धालाई अगाडी सारेर कलिलै देखी अध्ययन गराउने परियत्ति शिक्षाले यी विभिन्न पक्षहरुलाई समेटिने हिसावले परिमार्जित गर्न सकेमा परियत्तिको उपादेयता अफ बढ्न सक्ने कुरामा दुईमत हुने छैन । अब आउने परियत्तिको पाठ्यकम यी विषयहरुलाई पनि महत्वदिएर समेट्नु आवश्यक छ ।

## परियत्ति गतिविधि (फोटो समाचार)



भूकम्प प्रभावित परियत्ति शिक्षक तथा विद्यार्थीहरूलाई सहयोग गर्न आएका अष्ट्रेलियाका दाताहरूसँग



विश्व शान्ति विहारमा आयोजित परियत्ति तथा शिक्षालयको पुरस्कार वितरण कार्यक्रम



बौद्ध महिला संघबाट परोपकार उच्च मा.वि.का परियत्ति विद्यार्थीहरूलाई पुरस्कार वितरण



युवक बौद्ध मण्डलमा परियत्ति कक्षा शुभारम्भ कार्यक्रम

# 'परियत्ति शिक्षा नैतिकता, मानवता तथा चरित्र निर्माण गर्ने शिक्षा हो'

**अन्तवार्ता**

**मनमैंजुमा जन्मनु भएकी सुश्री रत्नकेशरी महर्जनले बु.सं. २५५९ मा संचालित परियत्ति सद्धम्म कोविदमा सर्वोत्कृष्ट अंक ल्याउन सफल हुनुभएको छ । मनमैंजु परियत्ति केन्द्रमा शिक्षिकाका रूपमा सेवारत उहाँ त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाल ल क्याम्पसमा कानूनशास्त्र अध्ययनरत हुनुहुन्छ । उहाँसँग गरिएको संवादको केही अंश –**



रत्नकेशरी महर्जन, मनमैंजु

**१. परियत्ति सद्धम्म कोविदमा सर्वोकृष्ट अंक ल्याउन सफल हुनुभएको छ, कस्तो लागिरहेको छ त तपाईलाई ?**

यस अमुल्य शिक्षालाई हासिल गर्न पाउँदा एकदमै खुसी लागिरहेको छ । सानै देखि बाबाले सुनाउनु हुने बौद्ध जातक कथाहरु सुनेर परियत्ति शिक्षामा प्रभावित भएकी म यस शिक्षालाई निरन्तर दिँदै कोविद उत्तिर्ण गर्ने मेरो लक्ष्य थियो । जुन आज पूर्ण भएको महसुस गरेकी छु । आज कोविदमा प्रथम हुदा निकै खुसी लागेको छ । मेहनतको प्रतिफल पाएको महसुस गर्दै छु । मेरो लागि यो अविस्मरणीय क्षण रहेको छ ।

**२. तपाईको सफलताको कारणहरु ?**

मलाई परियत्ति शिक्षा एकदमै प्रभावशील लाग्छ । यो शिक्षा आफैपनि मेरो सफलताको कारण महसुस गरेकी छु । अनि मलाई सँधै साथ दिनुहुने, प्रेरणा प्रोत्साहन गर्नुहुने मेरा आमाबुबा, भन्ते गुरुमाहरु र मेरो मेहनत नै सफलताको कारणहरु हुन् भनि अनुभव गरेकी छु ।

**३. बौद्ध परियत्ति शिक्षाले तपाईको भविष्य निर्माणमा अनि जीवनमा कस्तो प्रभाव परेको छ जस्तो लाग्छ ?**

बौद्ध परियत्ति शिक्षा, चरित्र निर्माण गर्ने नैतिक शिक्षा हो । यस शिक्षाले मेरो जीवनमा सकरात्मक प्रभाव पारेको छ । यस परियत्ति शिक्षाको यात्रा मैले स्कुलको कक्षा ३ देखि प्रारम्भ गरेकी थिएँ । यस शिक्षाको प्रारम्भ देखि नै मैले व्यवहारिक तथा स्कुल कलेजका शिक्षामा पनि उतिकै सफलता प्राप्त गर्दै आईरहेको छु ।

यस शिक्षाले मेरो सकरात्मक सोचको विकासका साथसाथै मैत्री, करुणा, मुदिता र उपेक्षारुपी सकरात्मक व्यवहार गर्न सिकाएको छ । यस शिक्षाले मलाई धैर्यवान, वीर्यवान, लगनशील र मिठो बोलि वचनका साथसाथै स्मृतिपुर्वक संयम राख्न सिकाएको छ र मेरो मनोबल बढेको पनि महसुस गर्दैछु ।

**४. परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा के भिन्नता पाउनु भएको छ?**

परियत्ति शिक्षा नैतिकता, मानवता तथा चरित्र निर्माण गर्ने शिक्षा हो । अन्य सरकारी शिक्षा भनेको व्यवहारिक जीवनमा उपयोग हुने शिक्षा हुन् र त्यहि व्यवहारिक जीवनमा शिक्षा कसरी उपयोग गर्नुपर्छ भन्ने कुरा परियत्तिले सिकाउँछ ।

परियत्ति शिक्षाले धर्यवान्, नैतिकवान, सुशील र सुव्यवस्थित जीवनयापन गर्न सिकाउँछ । समाजमा सहानुभुति र सहयोगी भावना राखी बाँच्ने उपायहरु यस शिक्षाले दिन्छ । अन्य सरकारी शिक्षा लिएर डाक्टर, इन्जिनियर आदि भएतापनि उनीहरुमा सुखी र सन्तुष्टको भावना हुँदैन । उनिहरुमा डिप्रेसन, निरासापनको भावना अझै रहेको हुन्छ । तर यस परियत्ति शिक्षाले डिप्रेसनको समयमा सान्तवना दिई साथ दिन्छ । आफ्नो मनलाई बलियो बनाउँछ र खुसी रहन सिकाउँछ । परियत्ति शिक्षा यस्तो शिक्षा हो " Though deep, yet clear" अर्थात जुन गहिरो भएतापनि सफा, निश्चल छ ।

**५. परियत्ति शिक्षालाई सरकारी शिक्षा मान्यता पाप्त गर्न बौद्धहरुको आवाज कम भएको जस्तो तपाईलाई लाग्दैन ?**

गौतम बुद्ध जन्मिएको देशमा यस शिक्षालाई सरकारी शिक्षा मान्यता प्राप्त गर्न र गराउन निकै आवश्यक रहेको छ । बौद्धहरुको आवाज कम भएकै हो तर यस सन्दर्भमा भने बौद्धहरुको आवाज मात्र होइन सम्पूर्ण नेपालीहरुको आवाज नै चाहिन्छ । यदि बुद्ध नेपालमा जन्मेको हो र शान्तिको नायक भनेर चिनाउनु छ भने यस शिक्षालाई सरकारी शिक्षा प्राप्त गर्न र गराउन आवश्यक छ ।

**६. तपाईले यस परियत्ति शिक्षामा के कस्तो कमजोरी पाउनु भयो ?**

परियत्ति शिक्षामा भन्दा पनि परियत्ति शिक्षा संचालनमा निकै कमजोरी भेटिएको छ । पर्याप्त पाठ्य पुस्तकहरुको अभावको कारणले परियत्ति विधार्थीहरु घट्दै गएको पनि देखिन्छ । कतिपय पाठ्य पुस्तकहरु नेपालीमा अनुवाद नै भएको छैन । नेपाल भाषा नजानेकाहरुलाई यस शिक्षा सम्बन्धी जानकारी पाउनलाई कठिनाई भएको देखिन्छ । त्यसैगरी शिक्षकको पनि कमी भएको देखिन्छ ।

**८. यी कमजोरीहरुलाई कुन रुपमा समाधान र सुधार गर्न सकिन्छ जस्तो लाग्छ ?**

यी कमजोरीहरुलाई सुधार तथा समाधान गर्न सकिन्छ । पाठ्यपुस्तकहरुको उपलब्ध गराई नेपालभाषमा भएका पाठ्य सामाग्रीलाई नेपाली भाषमा अनुवाद गरी, शिक्षकहरुलाई तालिम दिई यस विषयमा अध्यापन गराउने शिक्षकहरुको अभावलाई परिपूर्ति गरी कमजोरीहरु विस्तारै हटाउँदै लैजानुपर्दछ ।

**८. कोविद पछिको भावी योजना के छ?**

परियत्ति शिक्षाको उत्थानमा सक्रिय रहनेछु । मैले नजानेका र नसिकेका बुद्ध शिक्षाहरुको पनि अध्ययन गर्दै जानेछु । हाल म B.A.LLB 1st year मा अध्ययनरत छात्रा हुँ । भविष्यमा एक असल वकिल बन्न चाहान्छु । **भगवान बुद्धले भन्नु भएको छ कि :**

**" बिना विचारले यदि कसैले न्याय गर्न खोज्छ भने त्यो न्यायधीस होइन । जुन पण्डितले साँचो र झुठो दुवैको निर्णय गरी विचारपुर्वक पक्षपात नराखी न्याय गर्छ, उसैलाई धर्म रक्षा गर्ने साँच्चैको न्यायधीस भन्दछन् । "म पनि सत्य र न्यायको लागि अघि बढ्दै धर्म रक्षा गर्ने साँच्चैको न्यायधीस बन्ने प्रयत्न गर्दै जानेछु ।**

# Trainers' Training (Tot) for Teachers of Nepal Bauddha Pariyatti Shiksha (NBPS)



Report by : ✍ Sabita Dhakhwa Shakya "Saddama Palak"
Member of Teacher Training Committee

## Introduction of Pariyatti Education in Nepal

Nepal is the birth place of Lord Buddha. Buddhism was furnishing in the early period up to Kirat (800 BCE-300 CE), and Licchavi Period (400 CE to 750 CE). After the Lichhabi period, Buddhism was gradually declining during the Malla regime (12th to the 18th century) particularly in the latter period of Malla regime at the time of King Jayasthi Malla (Around 1382). He imposed the Hindu caste system in Nepal and forced the celibate monks to disrobe and was forced to adapt into family dwelling. The situation was even terrible during the time of Rana regime. During Rana regime, "Bhikshhus" were cruelly dominated and even exile from the country. Theravada Buddhism was re-introduced once again in Nepal only about 85 years back. After the reawaking of Theravada Buddhism in Nepal, the Monks, Nuns and lay Buddhist started to involve in promotion of Buddhist education in Nepal.

In 1951 A.D. (2008 B.S.) the "All Nepal Bhikkhu Association" was established and through its efforts the teaching and learning of Buddhism in Buddhist Viharas was once more revived. During those days there were no facilities to study Buddhism in Nepal as in other Asian countries and Sramaneras and Anagarikas had to go to foreign countries to study Buddhism. Realizing these facts, His Holiness Most Ven. Supreme Patriach of All Nepal Bhikkhu Association Bhikkhu Buddhaghosh Mahasthavira, who was then residing in Sugatpur Vihara of Trishuli Bazar, Nuwakot.during summer recess of the year 2019 B.S., as requested by Anagarika Sushila and lay devotee Dharma Ratna Shakya of Trisuli made arrangement to start teaching of Pariyatti education in Nepal. Books were made available in Nepal on Buddhism and the current Buddhist education curriculum was designed for students in Nepal. Later it was formalized in the name of "Nepal Bauddha Pariyatti Shiksha (NBPS)" by the initiation of All Nepal Bhikkhu Association. It is running as an institutionalized way to study Buddhism in Nepal till now.

The Pariyatti Education is a ten year programme with four level: Primary level (Three years), Entrance level (Three years), Pariyatti Sadhamma Palak (One year) and Pariyatti Sadhamma Kovida or degree level (Three years).

## Objectives of Nepal Bauddha Pariyatti Shiksha

The Objectives of the Pariyatti Education are as follows:

a. To spread in all nooks and corners of Nepal, the message of Lord Buddha, son of Nepal and leader of peace among mankind, in order to bring under control, the fire of lust, hatred and delusion raging in the present society.

b. To impart knowledge and practice of humanistic religion to the people coming out of schools, campus and other educational institutions, in order to produce human resource with humanistic attitudes and behavior.

c. To bring home to those people having already faith and belief in Buddha and Buddhism but presently exposed only to traditional ritualistic activities, the true living form of this religion, through Pariyatti education.

d. To produce capable Buddhists who can provide leadership to spread and popularize the message of Buddha far and wide in the country through Pariyatti education.

NBPS has been contributing to strengthen Buddha Sasana through Pariyatti Education. NBPS have now 80 centers in 15 districts of Nepal. About 45,000 students have studied Pariyatti Educations in various levels since from its establishment. This year (Buddha Era 2559) 2550 students have passed in different levels of Pariyatti.

It has been publishing many books based on curriculum of pariyatti. Developments of trained teachers are one of the major activities of NBPS and these trained human recourses are taking lead role in promoting pariyatti education in Nepal.

**Trainers' Training (Tot) Programme**

One of the activities of NBPS is to develop teachers in order to promote moral education to the children through pariyatti education. Human resources are the most vital to replicate Buddhist education in different districts of Nepal. In this context, NBPS organized Trainers' training on pariyatti education for existing teachers and potential teachers who are interest to teach. The training was conducted from 6 to 8 March, 2016 at International Buddha Pariyatti Udaya Vihar, Butwal. The main objectives of the training are as follows:

- To produce trained human power to teach pariyatti education
- To promote moral education to children through pariyatti education
- To extend the pariyatt centers at different parts of Nepal

Thus the major output of the Trainers' Training was to train teachers in order to promote Buddhist education in different parts of the country. Similarly, the training helped to improve the teaching capacity to deliver quality education services. There were 38 participants from ten districts of Nepal.

**Content for the Training**

The training content included as follows:

- Basic Buddhism Course for moral education
- Course delivery based on curriculum of Pariyatti education Level 1. Level 2 and Level 3.
- Teaching Methodologies and modern facilitation techniques
- Effective presentation skill
- Teaching practices and learning through self evaluation

**Teaching Methodologies**

Methodologies play a great role to deliver the Buddhist education effectively. Under the teaching methodologies the participants imparted knowledge on the various teaching methods like, Lectures, Case study, Small Group works, Brain streaming, Role play, Exhibition, Game, Practical exercise on



teaching. They were also learned how to teach children about meditation.

**Micro Teaching Practices**

The participants were divided into five groups and each group prepared teaching materials for certain topic and made a practice to deliver to the students in the session. Self evaluation and monitoring activities were under taken by the participants themselves and resource persons.

**Commitment from participants**

In the closing session of the training period, all the participants expressed their commitment to promote pariyatti education in their respective districts.

**Financial Support**

The training was conducted with financial supports of The Most Ven. Master Thich Tam Minh & Buddhists (Vietnamese) from Hoang Phap Temple, Melbourne, Australia. The team visited some earthquake affected areas of Nepal and supported some earthquake victims. The earthquake of 25th April 2015, and subsequent aftershocks, killed 8,857 people and injured 22,579 across central Nepal.

**Monitoring and Follow up**

Nepal Bauddha pariyatti Shiksha will monitor and follow up its branch centers of the different districts for quality education delivery.

# परियत्ति शिक्षा शिक्षक प्रशिक्षण दोश्रो तालिम २०७२ को प्रतिवेदन

**लक्ष्मीचन्द्र बज्राचार्य**
सल्लाहकार , मैत्रय युवा संघ भक्तपुर

२०७० पुष २६ देखि २८ सम्म सञ्चालन भएको परियत्ति प्रशिक्षक प्रशिक्षण तालिम सारै नै परिणाममुखी भयो । यसकारण हामीहरु वहां गुरुमा, भन्तेज्युहरु तथा बौद्ध विद्वानहरु प्रति कृतज्ञ छौं, जस्ले कि त्यस्तो महत्वपुर्ण तालिम दिनुभयो । त्यस तालिम पछि भक्तपुरका केहि विद्यालयहरुमा पनि परियत्ति शिक्षाको कक्षा सञ्चालन हुन थाल्यो । यसबाट हामीलाई हौसला प्राप्त भयो । थप केहि बिद्यालयहरुले परियत्ति शिक्षाको कक्षा सञ्चालन गर्ने इच्छा देखाइरहेको सन्दर्भमा त्यस किसिमको तालिम फेरि एकपटक सञ्चालन गर्न पाएमा धेरै राम्रो हुने थियो भन्ने मैत्रय युवा संघका साथिहरु बीच छलफल भयो । यहि छलफल अनुसार विश्वशान्ति बिहारमा यस तालिम कमितिका संयोजक ञानवती गुरुमांको संयोजकत्वमा नेपाल बौद्ध परियत्ति शिक्षा शिक्षक शिक्षिका तालिम कमिति र मैत्रय युवा संघको संयुक्त बैठक भयो । २०७२ पुष १० गते भएको यस संयुक्त वैठकमा २०७२ पुष २४ ,२५ र २६ गते यो तालिम पुन सञ्चालन गर्ने निर्णय भयो । यसलाई आधार बनाएर २०७२ पुष १८ गते बसेको मैत्रय युवा संघको बैठकमा पनि दोश्रो शिक्षक शिक्षिका तालिम सञ्चालन गर्ने निर्णय भयो ।

यस शिक्षक शिक्षिका तालिम कार्यक्रम तालिका अनुसार पुष २४ गते शुक्रवार १० बजे ञाणवती गुरुमांले तालिमको उद्घाटन गर्नु भयो भने मैत्रय युवा परियत्ति केन्द्रका केन्द्राध्यक्ष तिर्थराज बज्राचार्यले सहभागीहरुलाई स्वागत गर्नुभयो । । ११:३० बजे देखि ३ बजेसम्म पञ्ञावती गुरुमाले रोचक कथा, अरियञाणी गुरुमांले जीवनको मुल सुत्र र मंगलसुत्र प्रशिक्षण बारे तालिम दिनुभयो ।यस दिनको तालिममा विभिन्न खेलको माध्यमद्वारा ञाणवती गुरुमां र रशना बज्राचार्यले परियत्ति पढाउने तरिकाहरु सिकाउनु भयो ।

त्यस्तै पुष २५ गते ३ वटा कक्षाहरु सञ्चालन भयो जस्मा सविता धाख्वा शाक्यज्युद्वारा माइक्रो टिचिंग प्रविधिमा आधारित गरी



विभिन्न नाटकहरु खेलाएर शिक्षण विधिहरु सिकाइयो । मैत्री,करुणा र मुदिता समुहमा विभाजन गरी स्यालको कथा,कृषागौतमी र पञ्चशिल बारे दिइएको तालिममा सहभागीहरुले धेरै उत्साहित भै भागलिए । सोही दिन रश्मी राजकर्णिकारज्युले चतुआर्य सत्य,चतुब्रम्ह बिहार र आर्यअष्टांगिक मार्गको प्रशिक्षणविधि सिकाउनु भयो । त्यस्तै पावर प्वाइन्ट मार्फट पनि प्रशिक्षणका विधिहरुको जानकारी दिइयो ।

तालिमको तेश्रो दिनमा शुभा गुरुमा र शुभावती गुरुमाले त्रिरत्न गुणको शिक्षण बारे तालिमका सहभागीहरुलाई विभिन्न बिधिहरु द्वारा प्रशिक्षण दिइयो । त्यस्तै सोहि दिन रशना बज्राचार्यले बुद्धधर्मका प्रतिक, बुद्धधर्मका चाडपर्व र चार संवेजनीय स्थलहरुको विषयमा परियत्ति विद्यार्थीहरुलाई कसरी साक्षात्कार गराउन सकिन्छ सो सम्बन्धमा रचनात्मक विधि द्वारा प्रशिक्षण दिइयो । तालिमको अन्तमा ञाणवती गुरुमांले परियत्ति शिक्षालाई मात्र घोक्ने, पढ्ने र पढाउने गरेर मात्र होइन विद्यार्थीहरुलाई खेलद्वारा पनि अध्यापन गर्न सकिने बताउनु भयो र विभिन्न खेलहरु पनि खेलाउनु भयो ।



'सब्ब दानं धम्म दानं जिनाति'

**साधुवाद ज्ञापन**



दिवंगत पिता **कुलरत्न तुलाधर** र माता **चिनीमाया तुलाधर**को पुण्यस्मृतिमा
उहाँहरूको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर, सपरिवार, तीनधारा,
कुलरत्न मार्गबाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको हो ।
उहाँहरूलाई नेपाल बौद्ध परियत्ति शिक्षा
साधुवाद ब्यक्त गर्दछ ।

तालिमको अन्तिम दिनसम्ममा सहभागीहरुले पहिलो प्रशिक्षण तालिममा जस्तै नै बडो अभिरुचिका साथ सहभागिता जनाउनु भयो। तालिममा धेरै सकारात्मक पक्ष र प्रभावकारिता भएर पनि संख्यामा लक्ष अनुसार सहभागिता देखिएन। पहिलो तालिममा २१ को सहभागिता थियो भने यस दोश्रो तालिममा १७ जनाको मात्र सहभागिता भयो। यस्का दुइता कारण हुनसक्छ - एउटा परियत्ति शिक्षा २०७२ को परिक्षा र अर्को भुकम्पका कारण शिक्षकहरुले भेल्नुपरेका समश्याहरु । तथापि समग्रमा तालिम कार्यक्रम सफलतापुर्वक सम्पन्न भयो। सहभागी शिक्षकहरु उत्साहित नै देखिए। आशा छ वहांहरुले सिकेका प्रशिक्षण बिधिहरु प्रयोग गरेर आआफ्नो परियत्ति केन्द्र र बिद्यालयहरुमा परियत्ति शिक्षा पढाउनुहुनेछ।

नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रको तालिम कमिति र मैत्रय युवा संघ भक्तपुरको संयुक्त आयोजनामा सञ्चालन भएको यो दोश्रो तालिम सफल हुनुमा प्रशिक्षक गुरुमांहरु, बौद्ध बिद्वानहरुको मेहनत उल्लेखनीय रह्यो । यसका लागि तालिमका संयोजक ज्ञाणवती गुरुमा र सविता धाख्वाज्युलाई विशेष कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु । त्यस्तै कार्यक्रममा आर्थिक सहयोग स्वरुप प्रदिपरत्न शाक्यबाट ७००, पद्मसुन्दर शाक्यबाट १२०० र माइला दोङ्गबाट ५०० प्राप्त भयो । त्यस्तै तिर्थसुन्दर शाक्य मार्फत गुणसिनेमाबाट कृषा गौतमी चलचित्रको टिकटबाट ६५०० को रकम पनि यस तालिमको लागि सहयोग भएकोले वहांहरु प्रति बिशेष धन्यबादका साथै आभारी भएकाछौं । अन्य स्टेशनरी पारिश्रमिक र खाजा तथा प्रमाणपत्रका लागि परियत्ति केन्द्रबाट १०००० रकमको आर्थिक सहयोग प्राप्त भयो । केन्द्रप्रति पनि हामी धेरै कृतज्ञ छौं । साथै गुरुमाहरुलाई तालिम अवधिभर भोजनको प्रबन्ध गर्ने प्रेमशोभा बज्राचार्य र सम्पुर्ण इन्द्रमाया परिवारलाई पनि साधुवाद दिन चाहन्छु। त्यस्तै आ आफ्नो प्रतिनिधि पठाई सहयोग गर्ने मुनि बिहार,जेनिथ इंगलिस स्कुल,सनसाइन इंगलिस स्कुल र इजि पायोनियोर स्कुललाई बिशेष धन्यबाद दिन चाहन्छु। तालिम सञ्चालन र परियत्ति कक्षाहरु सञ्चालन गर्न कक्षा कोठाहरु उपलब्ध गराई सहयोग गर्नु भएकोमा थथुबही विकास समिति र कक्षाकोठाहरु प्रयोग गर्न दिएकोमा ज्ञान बिजय स्कुललाई पनि धेरै धेरै धन्य दिन चाहन्छु।

देशका कर्णधार बालबालिकाहरुमा नैतिकताको विकास गर्ने र सक्षम र सम्यकदृष्टि भएका युवा वर्ग निर्माण गर्न परियत्ति शिक्षा भरपर्दो र बलियो माध्यम हो । यो शिक्षालाई एक प्रमुख आधारको रुपमा ग्रहण गरी मैत्रय युवा संघले आफुलाई समर्पित गरेका छन् । यसको लागि म ब्यक्तिगत रुपले सारै खुशी छु । यो प्रशंसनिय काममा समर्पित संघका वर्तमान अध्यक्ष सत्यलक्ष्मी रंजितकार,उपाध्यक्ष तिर्थराज बज्राचार्य लगाएत शिक्षकहरु रशना बज्राचार्य,संचित बुद्धाचार्य, गंगा र जमुना गोसाई , प्रमिला धुख्वा सबैलाई धन्यबाद दिन चाहन्छु। मैत्रय परियत्ति केन्द्रको यो राम्रो र उडाहरणीय टिम हो। भगवान बुद्धले पनि संघलाई जोड दिनुभएको छ । कुनै पनि राम्रो काममा एकताबद्ध रुपमा टिमको भावनाबाट अगाडि बढेमा त्यो धेरै समय सम्म टिक्न सक्छ र प्रभाव पनि राम्रो हुन्छ । अतः टिमको सम्पुर्ण सहकर्मीहरुमा सुख,शान्ति र समृद्धिको कामना गर्दछु। यो दीर्घकालसम्म रहिरहोस ।

परियत्ति शिक्षा २०७२ को परिक्षा संगै यस वर्षको परियत्ति कक्षा पनि उत्साहकासाथ सम्पन्न भएको छ। मैत्रय परियत्ति केन्द्र लगाएत मुनिबिहार , एभरेष्ट स्कुल , सनसाइन ईङ्गलिस स्कुल,जेनिथ ईङ्गलिस स्कुल र इजि पायोनियर इङ्गलिस स्कुलहरुमा परियत्ति शुरु भई कक्षा सञ्चालन भएको छ।आउने वर्षमा पनि यस अनुसार विभिन्न केन्द्रहरु थपी परियत्ति कक्षा सञ्चालन हुने आशा छ । परियत्ति कक्षाको यात्रा यहांसम्म पुग्नुमा मुनिबिहार,युवा बौद्ध पुच र मैत्रय युवा संघको विशेष योगदान छ। त्यस्तै शिक्षक शिक्षिकाहरुको योगदान पनि उल्लेखनीय छ। यही प्रसंगमा मैत्रय युवा संघमा हरेक शनिवार विहान ७ बजेदेखि परियत्ति कक्षा सञ्चालन भैरहेको यहां जानकारी दिन चाहन्छु । हामिले गरेका यी राम्रा राम्रा कर्महरुबाट हामीले पुण्य लाभ गरेकाछौं। यस्को फल पनि सुख,शान्ति र समृद्धिको रुपमा हाम्रो जीवनमा देखापर्नेछ।यस पुणित कार्यबाट सबैको मंगल होस। सबैको कल्याण होस् । भवतु सब्ब मंगलं ॥

## परियत्ति गतिविधि (फोटो समाचार)



रत्नकीर्ति विहारमा परियत्ति पुरस्कार वितरण कार्यक्रम



परियत्ति कोविद विद्यार्थी प्रेमलता तुलाधरको गुणानुस्मरण कार्यक्रम

# परियत्ति समाचार

## ५२ औं परियत्ति दीक्षान्त समारोह सम्पन्न

२०७१ चैत्र २८ गते। श्रीलंकाका महामहिम राजदूत W.M. Senevirathna को प्रमुख आतित्थ्यमा बु.सं. २५५८ वर्षको ५२ औं समूहको दीक्षान्त तथा पुरस्कार वितरण समारोह सम्पन्न भएको छ। सो कार्यक्रम अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष र नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा सम्पन्न भएको छ।




बोधिचर्या विहार, बनेपाका परियत्ति विद्यार्थीहरुबाट स्वागत गानबाट शुरु भएको सो कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट परियत्ति प्रतिज्ञा गराउनुभएको थियो। कार्यक्रममा परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरबाट परियत्ति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। परियत्ति शिक्षाको महत्वको विषयमा परियत्ति परिषद्का सचिव भिक्षु निग्रोधले आफ्नो मन्तब्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि श्रीलंकाली राजदूतले पुरस्कार वितरण सँगै आफ्नो मन्तब्य पनि व्यक्त गर्नुभएको थियो भने परियत्ति विद्यार्थीहरुमा यस शैक्षिक सत्रका कोविदका सर्वप्रथम प्राप्त विद्यार्थी भिक्षु बुद्धपियो, अनागारिका अरियञाणी र डा. विकास सुवेदीले आफ्नो मन्तब्य व्यक्त गर्नुभएको थियो।

अन्तमा सभा विसर्जन भिक्षु ज्ञानपूर्णिक महास्थविरले आफ्नो मन्तब्य अववाद सँगै गर्नुभयो भने यस कार्यक्रमको सञ्चालन मोनिष बज्राचार्यले गर्नुभएको थियो।

## बुटवलमा परियत्ति प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

बालबालिकाहरूमा बुद्ध शिक्षाको माध्यमबाट नैतिक आचरण प्रर्वधन गर्न सक्ने दक्ष प्रशिक्षकबनाउने उद्देश्यलाई समेटी नेपाल बौद्ध परियत्ति शिक्षाद्वारा फागुण २३ देखि २५ गतेसम्म अन्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहार, बुटवलमा 'प्रशिक्षक प्रशिक्षण तालिम' सम्पन्न भएको छ। उक्त तालिममा १० जिल्लाका २० वटा परियत्ति केन्द्रबाट ३८ जना सहभागी भएका थिए।

केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, अन्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहारका विहार प्रमुख भिक्षु जटिल तथा शिक्षक शिक्षिका तालीम उपसमितिका संयोजिका अनागारिका ञाणवतीबाट संयुक्त रुपमा उद्घाटित उक्त तालीममा अनागारिका ञाणवती, अनागारिका पञ्ञावती, अनागारिका सुभवती, अनागारिका सुभा, मदनरत्न मानन्धर, सबिता धाख्वा शाक्य तथा रश्मि राजकर्णिकारहरुले १) आधारभुत बुद्ध शिक्षा र नैतिक आचरण २) नेपाल बौद्ध परियत्ति शिक्षा तह एक, दुई र तीनको अभिमुखीकरण ३) प्रभावकारी शिक्षण विधि /तौर तरिका आदि बारे प्रशिक्षण दिएका थिए भने विद्यार्थीहरुको ६ वटा समूहले लघु शिक्षण अभ्यास पनि गरेका थिए।




३ दिने उक्त तालीममा भिक्षु बोधिज्ञानले बुद्धपूजा र विपस्सना ध्यानको अभ्यास गराउनु भएको थियो भने भिक्षु जटिलले प्रतीत्य समुत्पादबारे उपदेश दिनु भएको थियो। भिक्षु ज्ञानेन्द्र र भिक्षु कोविदले तालिम व्यवस्थाको सम्पूर्ण जिम्मेवारी लिइ सहयोग गर्नुभएको थियो।

तालीमको अन्तिम दिन समापन समारोहमा केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले सहभागी सबैलाई प्रमाणपत्र वितरण गरिएको थियो र सहभागीहरुको तर्फबाट आ-आफ्नो जिल्ला, केन्द्र, स्कूलमा तालीमबाट प्राप्त अनुभवको आधारमा परियत्ति शिक्षालाई प्रचारप्रसार गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो।

तालीमको लागि आर्थिक सहयोग अष्ट्रेलियाको Thich Tam Nhi and Buddhist Group बाट प्राप्त भएको थियो भने ललितपुरका दुण्डबहादुर बज्राचार्यबाट मिलिन्द प्रश्न र तानसेन निवासी त्रिरत्न शाक्यबाट परित्राण सूत्र र बौद्धसंस्कार पद्धति भएको पुस्तकहरु सहभागी सबैलाई वितरण गरिएको थियो।

तालीम पश्चात प्रशिक्षक समूह बुटवलको विश्व सुख शान्ति विहार ध्यान केन्द्र र लुम्बिनीको मेत्ता परियत्ति केन्द्रको निरीक्षण भ्रमण गरी त्यस केन्द्रहरुमा भएका गतिविधिहरुको जानकारी लिइएको थियो।

## लुम्बिनी परियत्ति रनिङ शिल्ड महाचैत्य परियत्ति केन्द्रलाई

२०७२ फागुन २१ बुटवल / बौद्ध युवा ज्ञानमाला संघको रजतजयन्तीको उपलक्ष्यमा दिवंगत चन्द शास्त्री महास्थविरलाई समर्पण गर्ने उद्देश्य सहित पहिलो पल्ट पद्मचैत्य परियत्ति केन्द्रद्वारा संञ्चालनमा आएको लुम्बिनी अञ्चल स्तरिय परियत्ति रनिङ शिल्ड हाजिरी जवाफ प्रतियोगितामा महाचैत्य परियत्ति विहार केन्द्रले प्रथम

स्थान हासिल गरी रनिङ शिल्ड आफ्नो पोल्टामा पार्न सफल भएको छ । प्रमुख अतिथि नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक पूज्य भिक्षु बोधिज्ञान महास्थविरले विजयी टोलीलाई रनिङ शिल्ड र नगद पुरस्कार सहित प्रमाणपत्र तथा खादा वितरण गर्नुहुदैं उहाँले परियत्तिका विद्यार्थीहरूलाई हाजिरीजवाफमा आफ्नो व्यक्तिगत अनुभवका साथैं आउँदो दिनमा पद्मचैत्य परियत्ति केन्द्रले गरेको कार्य लुम्बिनीव्यापी उदाहरणीय बन्ने कुरा राख्नुभएको थियो । यसको लागि आफूले उपत्यका बाहिर हुने हरेक गतिविधिलाई सक्दो सहयोग गर्ने पनि बताउनु भयो । पुरस्कार वितरण पछि प्रथम स्थान हासिल गर्न सफल निशा शाक्य तथा महाचैत्य विहारका केन्द्राध्यक्ष तथा अन्य महानुभावहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।



प्रतियोगितामा प्रथम हुने महाचैत्य बिहारकेन्द्र, तानसेनबाट निशा शाक्य, सरिता बज्राचार्य, दुतिय स्थान प्राप्त गर्न सफल अन्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहार रूद्रपुर शाखाका जितबहादुर राना, हरि बुचामगर, त्यस्तै तृतीय हुन सफल आनन्द बिहार केन्द्र, तानसेन, पाल्पाका श्रीया शाक्य, सविना बज्राचार्यले भाग लिनु भएको थियो । यस प्रतियोगितामा भाग लिन पाल्पा र रूपन्देहि जिल्लाका ७ केन्द्रहरू सहभागी थिए । प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने टोलीलाई क्रमशः रू.२०००, १५०० र रू.१००० तथा बुद्धमूर्ति र अरू पुरस्कारहरू प्रदान गरिएको थियो ।

अन्योलताका बाबजुद संञ्चालन मिति तोकेर गरिएको यस कार्यक्रमले लुम्बिनी क्षेत्रमा परियत्ति जागरण ल्याउन महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यसले लुम्बिनीमा रहेका परियत्ति केन्द्रहरू बीच एक आपसमा समन्वय, सम्बन्ध प्रगाढ गर्न र भबिष्यमा अरू कार्यक्रम साथमा गर्न सहयोग मिल्नेछ । पद्मचैत्य परियत्तिका प्रमुख सल्लाहकार बिमल बहादुर शाक्यले प्रश्नकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो उक्त कार्यक्रममा आनन्दमानसिं शाक्य, प्रेमलाल उदास, देवेन्द्रराज शाक्यले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

भबिष्यमा पनि संञ्चालन हुने सो कार्यक्रम बर्षको एकपटक हुने र तीनपटक शिल्ड जितेमा सोहि प्रकारको अर्को रेप्लिका शिल्ड विजेतालाई दिइने जानकारी गराइयो । यस प्रतियोगिता सञ्चालन गर्न नेपाल बौद्ध परियत्ति शिक्षाबाट रू. १००००।- रकम र भिक्षु बोधिज्ञानबाट रू. ५०००।- प्रदान गरिएको थियो । त्यसकारण पनि प्रतियोगिता सम्पादन गर्न पद्मचैत्य परियत्ति केन्द्रलाई ठूलो राहत मिलेको थियो । प्रतियोगिता सम्पन्न गर्न लगभग रू ४५ हजार व्यय भएको छ ।

यस प्रतियोगिता सम्पादन गर्न मुख्य पद्मचैत्य परियत्तिकेन्द्रका केन्द्राध्यक्ष भिक्षु कविन्दो प्रमुख, सचिव चन्द्रगुप्त शाक्य, संयोजक पद्मलाल शाक्य, रेप्लिका शिल्ड दाता विनोद शाक्य तथा प्रमुख सल्लाहकार विमलवहादुर शाक्य, प्रेमलाल उदास, प्रा. आनन्दमान सिंह शाक्य र बौद्ध युवा ज्ञानमाला संघको समेत विशिष्ट योगदान रहेको छ ।

## अमृत बौद्ध परियत्तिमा पुरस्कार

१५ श्रावण, काठमाडौं । आनन्दकुटी विहारमा सञ्चालन भइरहेको अमृत बौद्ध परियत्ति शिक्षालयले आफ्नो परियत्ति शिक्षाको उपलब्धिको रुपमा बु.सं. २५५९ औं परियत्ति प्रेरणा पुरस्कार वितरण कार्यक्रमको आयोजना सफलतापूर्वक समपन्न गरेको छ । परियत्ति विद्यार्थी समिक्षा बस्नेतबाट संचालित सो कार्यक्रममा पंचशील प्रार्थनालगत्तै आनन्द कुटी विहारका कार्यवाहक प्रमुख भिक्षु धर्ममूर्ति तथा भिक्षु प्रज्ञामूर्तिबाट दीपप्रज्वलन गरी सुभारम्भ गर्नुभयो ।



भनिन्छ, बुद्धशिक्षाले आधुनिक कालमा न त कुनै रोजगारको सुनिश्चितता गर्न सक्छ, न त कुनै आम्दानी-श्रोतको रुपमा नै अघि बढाउन सकिने अवसर प्रदान गर्छ । तर जीवन जिउन केवल धनसम्पत्तिले मात्रै प्रर्याप्त हुन्न । जीवन जिउनको लागि एक कलाको आवश्यकता पर्दछ, जुन केवल बुद्धशिक्षामा पाइन्छ । परियत्ति शिक्षा अध्ययनको क्रममा आफूले अनुभव गरेका कुरा साथीहरु माझ राख्ने क्रममा परियत्ति विद्यार्थी रसु मर्हजनले आफ्नो अनुभव राख्नुभयो । साथै उहाँले परियत्ति शिक्षा अध्ययन नगर्ने साथीहरु कुलतमा लागेर जीवनलाई नै समस्यातिर लगेका तथा परियत्ति अध्ययन गर्नेहरु घरपरिवार तथा समाजमा नै उदाहरण बनेको उदाहरण सुनाउनुभयो ।

भिक्षु प्रज्ञामूर्ति तथा भिक्षु धर्ममूर्तिले संयुत्त रुपमा परियत्ति प्रेरणा पुरस्कार वितरण गर्नुभएको सो कार्यक्रममा परियत्ति विद्यार्थी सुनिल लामाले आफ्नो अनुभव राख्ने क्रममा १२ गतेको भूकम्प पीडितहरुलाई परियत्ति साथीहरुसँग सहयोग गर्न पाएकोमा धेरैखुसी लागको कुरा बताउनुभयो ।

अभिवाकहरुले आफ्नो बच्चाहरुको सुख र शान्तिको चहाना गर्नुहुन्छ भने अभिवाकहरुले नै परियत्ति शिक्षा पढाउनको लागि प्रेरित गर्नुपर्ने भनी भिक्षु अस्सजीले अनाथपिण्डिक महाजनको उदाहरणसहित मन्तव्य दिनुभयो । यसरी नै उहाँले केवल बच्चाहरुको

लागि मात्र परियत्ति शिक्षा नभई अभिभावकहरुले समेत परियत्ति शिक्षा अध्ययन गर्न सकिने र यसको व्यवस्था अमृत बौद्ध परियत्ति शिक्षालयमा रहको जानकारी पनि दिनुभयो । कार्यक्रममा परियत्ति विद्यार्थीहरुबाट आनन्दकुटी विहारका श्रद्धेय भिक्षुहरुलाई गुरुपूजा पनि गरिएको थियो ।

यस वर्ष अमृत बौद्ध परियत्ति शिक्षालयबाट परीक्षामा उत्तीर्ण ४५ जना परीक्षार्थीहरुलाई आनन्दकुटी विहार मिसा पुचःबाट पुरस्कारको व्यवस्था गरिएको सो कार्यक्रममा आनन्दकुटी विहारका भिक्षु, श्रामणेर तथा उपासक उपासिकाहरुको समेत उपस्थिति रहेको थियो ।

## करूणा बौद्ध विहारमा एघारौं परियत्ति वक्तृत्वकला प्रतियोगिता सम्पन्न

करुणा बौद्ध विहार मातातीर्थमा एघारौं परियत्ति वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । प्राप्त समाचार अनुसार उक्त विहारका प्रमुख चन्द्रशीला गुरुमांको सभापतित्वमा सञ्चालित उक्त प्रतियोगितामा प्रथम हुन सफल प्रतियोगी नेपाल परियत्ति केन्द्रका मैंया पहरी, द्वितीय हुन सफल चैत्यवर्ण विहारका विपुल शाक्य र तेश्रो हुन सफल शाक्यसिंह विहारका विशेषता शिल्पकारलाई परियत्ति वक्तृत्वकला सञ्चालन समितिका मुख्य संरक्षक समाजसेवी मोतिलाल शिल्पकारले पुरस्कार प्रदान गर्नुभएको थियो ।

## मैत्रेय युवा संघ परियति केन्द्रबाट परिक्षा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण

मैत्रेय युवा संघ परियत्ति केन्द्रबाट बु.सं. २५५८ मा परियत्ति शिक्षा उत्तिर्ण भएका विद्यार्थीहरुलाई प्रमाणपत्र तथा पुरस्कार वितरण गर्ने कार्यक्रम सम्पन्न गरेको समाचार प्राप्त भएको छ ।




थथुबहीमा सञ्चालित उक्त कार्यक्रममा प्रमुख अतिथि भिक्षु बोधिज्ञानले उत्तीर्ण विद्यार्थीहरुलाई प्रमाणपत्र तथा पुरस्कार वितरण गर्नुभई आजको समाजमा परियत्ति शिक्षाको महत्व विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । परियत्ति शिक्षाको महत्व विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने अन्य महानुभावहरु यसरी हुनुहुन्थ्यो -

